बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

Phone No:076550383
Google + Code: M5QF+48

पत्र संख्या:०७९।८०
चलानी नं.:

## हार्दिक शुभकामना

विगतमा जस्तै यस वर्ष पनि नेपालले वैशाख महिनाको पहिलो सातालाई व्यक्तिगत घटना दर्ता सप्ताहको रुपमा मनाउंदै छ। सोहि अनुरुप बाणगंगा नगरपालिकाले पनि व्यक्तिगत घटना दर्ता सप्ताह मनाउंदै छ। व्यक्तिगत घटना दर्ता ब्यक्तिको मौलिक हक हो। यसले ब्यक्तिको कानुनी पहिचान स्थापित गर्दछ। साथै राज्यबाट प्रवाह हुने सेवामा यसले आधारभुत प्रमाणको काम गर्दछ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ र नियमावली २०७७ ले घटना घटेको ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जन्म, मृत्यु, विवाह, वसाइसराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ताहरु निःशुल्क दर्ता हुने व्यवस्था गरेको छ।बाणगंगा नगरपालिकाका सबै वडाहरुमा व्यक्तिगत घटना अनलाइनमा नै दर्ता गर्ने व्यवस्था गरिएको छ। व्यक्तिगत घटनाका पुराना अभिलेखहरु डिजिटाइजेसन गर्ने कार्य समेत सम्पन्न भैसकेको छ।

नेपाल सरकारको रुपान्तरणकारी आयोजना व्यक्तिगत घटना दर्ता कार्यक्रम लाई आत्मसाथ गर्दै बाणगंगा नगरपालिकाले सन् २०२४ सम्ममा व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुर्याउने लक्ष्य राखेको छ।

त्यसैले घटना घटेको ३५ दिन भित्र निःशुल्क रुपमा घटना दर्ता गराउनु व्यक्तिको कानुनी तथा मौलिक हक भएकाले सामाजिक न्यायको प्रभावकारी प्रत्याभुतिको लागि समेत यस अधिकारको उपयोग गर्नुहुन बाणगंगा नगरबासी सरोकारवाला सबैलाई म हार्दिक अनुरोध गर्दछु। व्यक्तिगत घटना दर्ता सप्ताहको यस अवसरमा सबैप्रति शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

मितिः २०८० बैशाख १

चक्रपाणि अर्याल
नगर प्रमुख

चक्रपाणी अर्याल
नगर प्रमुख